annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९९, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २२ साउन २०८३ | श्रावण कृष्णपक्ष नवमी नेपाल संवत् ११४६ | FRIDAY, AUGUST 7, 2026 | मूल्य : रु. १०

मर्यादा नाघ्दै माननीयहरू

माननीय अर्थात् समाजले मान दिन योग्य, सम्मान दिनुपर्ने व्यक्ति। तर, माननीयले नै जब आफ्नो मर्यादा बिर्सन्छन्, कर्तव्य पालना गर्दैनन् भने समाजले उनीहरूबाट के सिक्ने ? यस्तै पारा र व्यवहार देखाइरहेका छन् हाम्रा माननीयहरू। कसैमा पदको उन्माद देखिन्छ त कसैमा जिम्मेवारीबोध देखिन्न। कोही बोलीका कारण विवादमा छन्, त कोही विगतको पृष्ठभूमिका कारण आलोचित छन्।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २

बैंकमा पैसा छ, बजारमा भरोसा छैन !

लगानीकर्ताको मनोबल बढाउन सरकारलाई चुनौती



किरण अधिकारी | *काठमाडौं*

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप १०.३ प्रतिशतले बढेको छ। वार्षिक आधारमा यो १५ प्रतिशतको वृद्धि हो। तर, सोही अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह ६.२ प्रतिशतमा मात्र सीमित भएको देखिन्छ। निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार निकै सुस्त भएपछि बैंकिङ क्षेत्रमा पर्याप्त लगानीयोग्य तरलता भए पनि उत्पादनशील तथा व्यावसायिक क्षेत्रमा त्यसको उपयोग हुन सकेको छैन।

राष्ट्र बैंकको तथ्यांकले बैंकिङ प्रणालीमा निक्षेप लगातार थपिँदै गएको देखाउँछ। तर, उद्योग, व्यापार, उत्पादन र सेवा क्षेत्रमा अपेक्षित रूपमा नयाँ लगानी विस्तार हुन सकेको छैन। बैंकहरूसँग कर्जा प्रवाह गर्ने क्षमता भए पनि उद्योगी तथा व्यवसायीहरू नयाँ कर्जा लिन हिचकिचाइरहेका छन्। अब प्रश्न उठेको छ- बैंकिङ प्रणालीमा पर्याप्त लगानीयोग्य रकम हुँदाहुँदै पनि निजी क्षेत्रबाट कर्जाको माग किन बढ्न सकेन ?

यस अवधिमा बैंकहरूले कर्जाको ब्याजदरसमेत उल्लेख्य रूपमा घटाएका छन्। वाणिज्य बैंकहरूको औसत कर्जा ब्याजदर अघिल्लो वर्षको ७.९९ प्रतिशतबाट झरेर ६.६४ प्रतिशतमा आएको छ। त्यसैगरी निक्षेपको ब्याजदरमा पनि गिरावट आएको छ। सामान्यतया ब्याजदर घट्दा कर्जाको माग बढ्नुपर्ने सिद्धान्त रहे पनि अहिले ब्याजदर सस्तिँदा समेत कर्जा प्रवाहको गति सुस्त नै छ।

बैंकिङ क्षेत्रका अधिकारीहरूका अनुसार अहिलेको मुख्य चुनौती तरलता अभाव नभई कर्जाको माग नहुनु हो। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार कर्जा विस्तार मुख्यत: लगानीकर्ताको रुचि र आत्मविश्वासमा निर्भर रहन्छ। लगानीकर्ताको मनोबल कमजोर भइरहेका बेला स्थिर सरकार, लगानीमैत्री नीति र नीतिगत स्थायित्व कायम गर्दै लगानीको सुरक्षातर्फ सरकार र राष्ट्र बैंकले विशेष ध्यान दिइरहेको उनले बताए।

'अनिश्चितता हटाउने र लगानीकर्ताको मनोबल बढाउने काममा हामी निरन्तर प्रयासरत छौं,' पौडेलले भने, 'दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जाँदा स्वदेशमा कामदारको अभाव भएको छ। जसका कारण अर्थतन्त्र चलायमान हुन सकेको छैन र त्यसको प्रत्यक्ष प्रभाव बैंकिङ क्षेत्रमा परेको हो।'

उद्योगी-व्यवसायी भने बजारमा समग्र माग कमजोर भएका कारण नयाँ लगानी गर्न नसकेको बताउँछन्। उत्पादन बढाएर पनि बिक्री हुने निश्चितता नदेखिँदा थप वित्तीय दायित्व लिने जोखिम उठाउन नसकिएको उनीहरूको तर्क छ।

उद्यमी सुरकृष्ण वैद्यका अनुसार सरकारको पुँजीगत खर्च न्यून रहँदा सर्वसाधारणको हातमा पर्याप्त पुँजी पुग्न सकेको छैन। जसका कारण बजारमा खरिद-बिक्री घट्दै गएको छ। उनका अनुसार हाल करिब ४० प्रतिशत उद्योग मात्र सञ्चालनमा छन्। 'सरकारको कर्जा नीति र समग्र व्यावसायिक वातावरणमा समस्या छ। ऋण सहज भए पनि सरकारले पूँजी र लगानीको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ, अनि मात्र व्यवसायी कर्जा लिन तयार हुन्छन्,' उनले भने। उनका अनुसार जबसम्म उद्यमीले मौजुदा व्यवसायबाट प्रतिफल वा नाफा कमाउन सक्दैन, तबसम्म उसले नयाँ क्षेत्रमा लगानी विस्तार गर्न सक्दैन।

» बाँकी पृष्ठ ६

टिप्पणी

संसद्मा उभिएर सतही टिप्पणी गर्न मिल्दैन

प्रकाशचन्द्र परियार, सचेतक, रास्वपा

जनप्रतिनिधिहरूको सर्वोच्च थलो प्रतिनिधिसभालाई कसरी अझ बढी मर्यादित, अनुशासित र नतिजामुखी बनाउने भन्ने विषयमा कार्य परामर्श समितिको बैठकमा गम्भीर मन्थन भएको छ। संसद्को गरिमा र यसका स्थापित मूल्य-मान्यतालाई अक्षुण्ण राख्दै जनताका सवाललाई प्रभावकारी रूपमा उठाउन बैठकले विभिन्न व्यावहारिक सुधारका कदमहरू अघि सारेको छ।

विशेषगरी आगामी असोजको तेस्रो सातासम्म सरकारले संसद्लाई पर्याप्त बिजनेस उपलब्ध गराउने गरी संसद् सचिवालयले तयार पारेको नयाँ क्यालेन्डरमाथि बैठकमा विस्तृत छलफल र परिमार्जन गरिएको छ। अब संसदीय कामकारबाहीलाई पूर्वअनुमानयोग्य र व्यवस्थित बनाउने विश्वास लिएका छौं। संसद् चलिरहँदा सांसदहरूको फितलो उपस्थिति र हलभित्रको फितलो आचरणप्रति सत्तापक्ष र प्रतिपक्ष दुवै दलका सचेतकहरूले चासो व्यक्त गर्नुभएको छ।

» बाँकी पृष्ठ ६

कांग्रेस आधिकारिकता विवाद बल्झियो

सर्वोच्चबाट पुनरावलोकनको अनुमति, पूर्ण इजलासमा सुनुवाइ

अन्नपूर्ण | *काठमाडौं*

सर्वोच्च अदालतले नेपाली कांग्रेसको वैधानिकतासम्बन्धी विवादमा यसअघि संयुक्त इजलासबाट भएको फैसला पुनरावलोकनका लागि अनुमति दिएको छ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले पुनरावलोकनको अनुमति दिएको हो। यसअघि न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई सदर गरेको थियो।

फैसलाको पुनरावलोकनका लागि पूर्वसभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्काले निवेदन दर्ता गरेका थिए। निवेदनमा निर्वाचन आयोग, गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई विपक्षी बनाइएको छ। २०८२ पुसमा भृकुटीमण्डपमा भएको नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरको महाधिवेशनबाट थापालाई सभापति र शर्मालाई उपसभापतिमा निर्वाचित भएको घोषणा गरिएको थियो।

सर्वोच्चले न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान गर्दै मुद्दालाई

फाइल फोटो

नियमित प्रक्रियाअनुसार अगाडि बढाउन आदेश दिएको हो। दफा ११(२)(ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा पुनरावलोकनको अनुमति दिन सक्ने व्यवस्था छ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम विवरण अद्यावधिक गर्नुअघि सुनुवाइको अवसर नदिइएको दाबी निवेदक पक्षको छ। निर्वाचन आयोगले २०८२ माघ २९ गते गरेको निर्णय सदर गर्ने फैसला सर्वोच्चको संयुक्त इजलासबाट भएको थियो।

» बाँकी पृष्ठ ६